# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७४।०४।२३ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको ।

---

मालपोत कार्यालय, भक्तपुरमा कार्यरत मालपोत अधिकृत चक्र बहादुर श्रेष्ठ समेतले सेवाग्राहीको नाममा रहेको जग्गामा सार्बजनिक बाटो कायम गरी बाँकी जग्गा अन्य व्यक्तिको नाममा नामसारी गरिदिने प्रलोभनमा पारी विभिन्न बहानामा घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय टंगालबाट खटिई गएको टोलीले मालपोत अधिकृत चक्र बहादुर श्रेष्ठ, नायव सुब्बा राजकुमार घिमिरे र खरिदार दुर्गा प्रसाद पोखरेललाई रु. ५०,०००/- (पचास हजार) घुस रकम लिएको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा निजहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि हुन आएको हुँदा, उल्लिखित कर्मचारीहरुलाई बिगो रु. ५०,०००/- (पचास हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (ख) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौंमा आरोप-पत्र दायर गरिएको छ ।

साथै सोही कार्यालयका नायव सुब्बा दिनेश रेग्मीले मालपोत अधिकृत चक्र बहादुर श्रेष्ठको निर्देशन बमोजिम कार्यालयबाट वितरण हुनुपर्ने जग्गाधनी प्रमाण पुर्जा कार्यालय समय पश्चात वेभ सेकुवा कर्नर कौशलटारमा लगि निवेदकलाई दिएको भन्ने प्रमाणहरुबाट देखिंदा निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन २०५९ को दफा २२ बमोजिमको भएको हुँदा निजलाई बिगो रु. ५०,०००/- (पचास हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ को उपदफा (१) र सोही दफा र उपदफाको देहाय (ख) बमोजिम हुने सजायमा ऐ. ऐनको दफा २२ बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोप-पत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता